# मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८) मलंगवा पौष २९,गते २०८१ साल (संख्या :६

## भाग–२

## मलंगवा नगरपालिका

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घरोगी, हिंसापीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता, वेवास्तामा परेका जेष्ठ नागरिकको हित प्राकृतिक प्रकोपजन्य विपद्बाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम मलंगवा नगरपालिका नगर कार्यपालिकाले यो आर्थिक सहायता कार्यविधि, २०८१ बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ ।

**सम्वत २०८१ साल**

पहिचान गरि वडा स्तरिय बजेट/नगर स्तरिय बजेटबाट अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।

१०. सरकारी समुदायकमा आधारित संस्थाको लागि जिन्सी ,नगदी, मरम्मत सम्भारको लागि बढीमा १५०००/- वडा स्तरिय बजेट/नगर स्तरिय समितीको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ ।

६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धि सहायता :

१. स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघसंस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

क. स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको लागि रु.५,०००/- पाँच हजार) देखि बढीमा रु.१०,०००/-(दश हजार सम्म) ।

ख. जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका लागि स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु.११,०००/-(एघार हजार) देखि बढीमा रु.१५,०००/-(पन्ध्र हजार सम्म) ।

ग. प्रदेश र राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु.१६,०००/-(सोह्र हजार) देखि बढीमा रु.२५,०००/-(पच्चीस हजार सम्म) ।

घ. अन्तराष्ट्रिय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराइने छ ।

७. बेवास्तामापरेका ज्येष्ठ नागरिक सहायता:

६० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी अशक्त ज्येष्ट नागरिकले आर्थिक सहायताको लागि वडा कार्यालय/नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मुनासिव भएमा देखिएमा रकम रु.२,०००/-(दुई हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा उपलब्ध गराइने छैन ।

८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :

१. आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना वा आत्महत्याको कारण वा औपधि उपचारको क्रममा मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा बढीमा रु. २०,०००/( (वीस हजा) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

२. उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नु पर्नेछ ।उल्लेखित व्यहोराको अवस्था नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत आइपरेमा निजहरुलाई रकम सहायता दिन सकिनेछ ।





# आर्थिक सहायता कार्यविधि, २०८१

प्रस्तावना : लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घरोगी, हिंसापीडित तथा बेचबिखनमा परेका महिला, विपन्न बालबालिका, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता, वेवास्तामा परेका जेष्ठ नागरिकको हित प्राकृतिक प्रकोपजन्य विपद्बाट पीडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम मलंगवा नगरपालिका नगर कार्यपालिकाले यो आर्थिक सहायता कार्यविधि, २०८१ बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ ।

## परिच्छेद - १

संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिको नाम “मलंगवा नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१” रहेको छ ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

१. “नगरपालिका” भन्नाले मलंगवा नगरपालिकालाई सम्झनु पर्छ ।

२. “नगर कार्यपालिका” भन्नाले मलंगवा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

३. “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले आर्थिक रुपमा विपन्न भएका मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् शरिर आगोमा जलेको, अंगभंग भएका व्यक्तिहरु,बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला पेरेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहीन बालबालिका, बेसहारा वृद्धवृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घरगोठ जलेर क्षति भएका, पसल, गोदाम, भुकम्प तथा अन्य आईपरेका प्राकृतिक आपदा, बाढी पहिरो र डुवानबाट पीडित नगरवासी, चट्याङ्ग, आगलागी,राजनैतिक दल वा भातृ संगठन,संघसंस्था,विभिन्न किसिमको छात्रवृति,शैक्षिक कृयाकलाप,शैक्षिक सामाग्री वितरण,अपांगता भएका व्यक्तिहरुलाई कृत्रिम खुटा,हात अन्य सामाग्री,सरकारी,गैरसरकारी,संघसंस्थाहरुलाई जिन्सी,नगदी,मर्मत सम्भार साथै वडा स्तरिय,नगर स्तरिय बजेटबाट सबै प्रकारका जिन्सी सामाग्री,पशुपंक्षी लगायतका सहयोग अन्य समिति उल्लेखित व्यहोरा भएका मलंगवा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधि समेत बुझ्नु पर्दछ ।

४."प्रमुख" भन्नाले मलंगवा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।
५."उप-प्रमुख" भन्नाले मलंगवा नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।
६."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मलंगवा नगरपालिकाका कार्यलयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।
७. "वडा अध्यक्ष" भन्नाले मलंगवा नगरपालिकाका वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।
८. "कार्यपालिका" भन्नाले मलंगवा नगरपालिकाका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।
९. "वडा समिति" भन्नाले मलंगवा नगरपालिकाका वडा समितिलाई सम्झनु पर्छ ।
१०."कार्यविधि" भन्नाले मलंगवा नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०८१ लाई जनाउनेछ ।

परिच्छेद - २

आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :

१. आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो मस्तिष्क पक्षघात,आगोमा जलेको,अंग भंग भएको व्यक्ति,दुर्घटना परेर अंग भंग भएको व्यक्ति ) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित वडा/नगरपालिकामा निवेदन दिन सक्ने छन् ।

स्पष्टीकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।"

२. उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि वडाको बजेटबाट भुक्तानी हुने आर्थिक सहायता वडा समितिको निर्णयबाट र न.पा.बाट दिने आर्थिक सहायता नगर कार्यपालिकाको निर्णयबाट आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु.५,०००/- पाँच हजार) देखि बढीमा २५,०००/((पच्चिस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

४. हिंसा पीडित तथा मानव बेचबिखनमा परेकालाई सहायता :

१. यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिला तथा बालबालिकाहरुको तत्काल उद्धार गर्न बढीमा रु. ५,०००/((पाँच हजार) सम्म आर्थिक सहायता वडाको सिफारिस र नगर प्रमुखको आदेश र प्रमुख प्रशासकिय अधिकृतको आदेशमा बढीमा रु.५,०००/- (पाँच हजार)उपलब्ध गराउन सकिनेछ ।

२.पीडितलाई न्याय दिलाउन तथा पुनस्थापनाको लागि न्यायिक समिति मार्फत पहल गरिनेछ।

५. आर्थिक रुपले विपन्न पीडित बालबालिकालाई सहायता :





१. बेवारिसे अवस्थामा फेला परेका, जबरजस्ती श्रममा संलग्न रहेका, बाबु आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुर सँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्यव्यवहार, बेचबिखन वा ओसार पसारमा परेका, हिंसा पीडित, बाबु आमा र संरक्षक बिहीन बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुस्त श्रवण भएका, एचआईभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रु. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२. उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षादीक्षाको व्यवस्था सामुदायिक तथा संस्थागत विधालयसँग समन्वय गरी छात्रवृत्रि मार्फत गरिनेछ ।

३. बेखर्ची भएका नागरिक,घरगोठ,पसल,गोदाम,भुकम्प तथा अन्य आईपरेका प्राकृतिक विपत र आपदा,आगलागी,पुजापाठ,धार्मिक कार्यकम,संघसंस्था तथा अन्य समितिकोको लागी रु.५००० देखि रु.२५,०००/((पच्चिस हजार) सम्म वडाको निर्णय,नगर प्रमुखको तोक आदेश मार्फत आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

४ असहाय,गरिब, दलित, मुस्लिम, OBC आर्थिक रुपमा विपन्न परिवारका लागि ग्यस चुल्हा, दमकल, हैण्ड पाइप, बोर्डिंग, लताकपडा लगायत अन्य सबै जिन्सी सामाग्रीहरु वडा स्तरिय/ नगर स्तरिय बजेटबाट सहयोग उपलब्ध गराउन सकिनेछ ।

५.असहाय,गरिब,दलित, मुस्लिम,OBC आर्थिक रुपमा विपन्न परिवारको जिविकोपार्जनका लागि पशुपंक्षी,चौपाया लगायतका अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

६. असहाय,गरिब,दलित,मुस्लिम, OBC आर्थिक रुपमा विपन्न परिवारको जिविकोपार्जनका लागि सिलाई मेसिन,मेशिनरी,कृषि,औधोगिक सरसामाग्रीहरु अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

७. असहाय,गरिब,दलित,मुस्लिम, यौनिक तथा अल्पसंख्यक समुदाय, OBC आर्थिक रुपमा विपन्न परिवार,जेहेन्दार महिला बिधार्थीहरुका लागि देहाय बमोजिमको छात्रवृति वडा स्तरिय बजेट/नगर स्तरिय बजेटबाट अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

(क) एसईई भन्दा माथी १२ कक्षा सम्म पढने यौनिक तथा अल्पसंख्यक समुदाय भएका बालबालिकाहरुको लागि बढीमा रु.७५,०००/((पचहतरी हजार)

(ख) १२ कक्षा भन्दा माथी स्नातक कक्षा सम्म पढने यौनिक तथा अल्पसंख्यक समुदाय,अनाथ, अपाङ, दलित, मुस्लिम समुदाय वा सो सरहको लागि बढीमा रु.१,२५,०००/((एक लाख पच्चिस हजार) । स्नातक ४ वर्ष वा ५ वर्षे भएमासो रकम ३१२५०/- वा २५०००/- (पच्चीस हजार) प्रति वर्ष दिईनेछ । प्राप्त छात्रवृति प्राप्त गर्ने विद्यार्थीले पास गरेको हुनुपर्नेछ।

(ग) स्नातक कक्षा भन्दा माथी स्नातकोतर कक्षा सम्म पढने छात्र/छात्रा,तेस्रो लिंगीं वा सो सरहको लागि बढीमा रु.१,७५,०००/((एक लाख पचहतरी हजार)

८.असहाय,गरिब,दलित,मुस्लिम,तेस्रोलिंगी, OBC आर्थिक रुपमा विपन्नको लागि शैक्षिक सामाग्री,पोशाक र मेशिनरी सामान बाहेक अन्यको हकमा रु.१०,०००/((दश हजार) सम्म वडा स्तरिय बजेट/नगर स्तरिय बजेटबाट अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।

९.अपांगता भएका व्यक्तिहरुको लागि कृत्रिम हात खुटा लगायतका सामाग्री आवश्यकता

२. यो कार्यविधि लागु हुनु भन्दा अगावै २०८१ श्रावण देखि वडा समिति,उपप्रमुख,नगर प्रमुख,प्र.प्र.अ.को तोके अनुसार यस मलंगवा न.पा.कार्यालयमा पेश हुन आएका निवेदन,सिफारिस अन्य कागजातहरु अनुसार भुक्तानी दिए बाधा हुने छैन ।

अनुसूची -१

दफा १३ सँग सम्बन्धित

निवेदनको ढाँचा

मितिः

श्रीमान् नगर प्रमुखज्यू,
मलंगवा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मलंगवा, सर्लाही ।
विषयः आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।

प्रस्तुत विषयमा म/हामी ................................................... रोगले ग्रसित भई समस्यामा परी ...................................................... गर्नु पर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचार र .......................................... को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकाले सोको लागि तहाँ कार्यालयको नियमानुसारको आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजात यसैसाथ संलग्न गरी पेश गर्दछु / छौं।

तपसिल

१. आर्थिक रुपले विपन्न सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको वा सम्बन्धित निकायको रिपोर्ट
४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस
५. प्रहरीको रिपोर्ट

निवेदक
नाम :
वतन :

प्रमाणिकरण मिति :-२०८१/०९/२९

आज्ञाले
होमनाथ सुवेदी
प्रमुख प्रशासकिय अधिकृत
मलंगवा नगरपालिका





९.संस्थागत सहायता कार्यक्रमः

१.उल्लेखनीय र सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्‍याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई कार्यक्रमको सहयोग स्वरुप निवेदन पेश हुन आएमा बढीमा रु. ५,०००/- (पांच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

२.उल्लेखनीय र सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्‍याउन विभिन्न पुजापाठ,धार्मिक कार्यकम सञ्चालन गर्ने संघ संस्था,समिति,व्यक्तिहरुलाई कार्यक्रमको सहयोग स्वरुप निवेदन पेश हुन आएमा वडा अध्यक्षको सिफारिसमा रु.५,०००/-(पांच हजार)र सो भन्दा बढी रु.३०,०००/-(तीस हजार) सम्मको लागि वडा समितिको निर्णय वा कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

नियमित रुपमा परापूर्व काल देखि संचालन हुने पुजा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१०. विपद् कार्यमा सहायताः

१. बाढी, डुवान, पहिरो, आगलागी, भुकम्प, महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि वडा कार्यालय/नगरपालिकामा निवेदन पेश हुन आएमा सो निवेदन मुनासिव देखिएमा राहत स्वरुप तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

क. प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा निजको नजिकको हकवालालाई काजक्रिया वापत प्रति व्यक्ति रु. २०,०००/-(वीस हजार) सम्म वडाको बजेटबाट वडा समितिको निर्णय र न.पा.को हकमा कार्यपालिकाको निर्णय अनुसार ।

ख. प्राकृतिक प्रकोपबाट घरवार भत्किई आशिंक वा पूर्ण क्षति भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनः स्थापनाका लागि राहत स्वरुप बढीमा ३५,०००/(पैतीस हजा) सम्म वडाको बजेटबाट वडा समितिको निर्णय र न.पा.को हकमा कार्यपालिकाको निर्णय अनुसार ।

ग. प्राकृतिक प्रकोप तथा दुर्घटनामा परी अंगभंग भई आशिंक वा पूर्ण अशक्त अपाङ्गता भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु.बढीमा रु. २५,०००/( (पच्चीस हजार) सम्म वडाको बजेटबाट वडा समितिको निर्णय र न.पा.को हकमा कार्यपालिकाको निर्णय अनुसार ।

घ. प्राकृतिक प्रकोपबाट बालीनाली आशिंक वा पूरै नष्ट भएको अवस्थामा अवस्था हेरी राहत स्वरुप रु.१०,०००/-(दश हजार) सम्म वडाको बजेटबाट वडा समितिको निर्णय र न.पा.को हकमा कार्यपालिकाको निर्णय अनुसार ।

ङ. प्राकृतिक प्रकोपबाट पशु चौपायाको मृत्यु भएको अवस्थामा अवस्था हेरी जिविकोपार्जन तथा पुनः स्थापनाका लागि राहत स्वरुप रु.१०,०००/–(दश हजार) सम्म वडाको बजेटबाट वडा समितिको निर्णय र न.पा.को हकमा कार्यपालिकाको निर्णय अनुसार ।

२.उपदफा (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडित व्यक्तिले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिक्ताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्वीर सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

३. कार्यालयको शुभकामना प्रकाशन गरे वापत पत्रपत्रिका तथा संचार माध्यमलाई बढीमा रु. ५,०००/-(पांच हजार) सम्म ।

११. आर्थिक सहायता तथा उपचार सहयोगको लागि बजेटको व्यस्था:

१. यस कार्यविधि बमोजिम आर्थिक सहायता दिन, उद्धार तथा पुन: स्थापना गर्ने प्रयोजनका लागि आर्थिक सहायता शिर्षक बजेटको व्यवस्था गरिनेछ ।

२. दफा (१) अनुसारको आर्थिक सहायता भुक्तानी गर्दानिम्न बमोजिम भुक्तानी हुनेछ:

क. वडामा विनियोजन भएको वडा सिलिङमा वडा अध्यक्षले रु.५,०००/- (पाँच हजार) र सो भन्दा बढी दिनुपरेमा वडा समितिको निर्णयबाट ।

ख. नगरमा विनियोजन भएको बजेटबाट नगर उपप्रमुखले रु. १०,०००। (दश हजार), नगर प्रमुख बाट रु. १५०००। (पन्ध्र हजार) र प्रमुख प्रशासकिय अधिकृतले रु.५,०००/- (पाँच हजार) सो भन्दा बढी आर्थिक सहायता दिनु परेमा नगर कार्यपालिकाको निर्णयबाट । यस प्रकारको सुविधा एउटा हुनेछ ।

१२. आर्थिक सहायता सम्बन्धी विशेष व्यस्था:

क. नगरको सामाजिक, आर्थिक, राजनीति, साहित्यिक, सांस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिम दुई बर्षमा एक पटकका लागि मात्र बढीमा रु. २०,०००/-(बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

ख. नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्कदा कुनै जन प्रतिनिधि वा कर्मचारी (करार,ज्यालादारी समेत) आकस्मिक रुपमा दुर्घटना परेर घाइते भएमा, विरामी भएमा निज वा निजको नजिकको हकवालालाई बढीमा रु. ५०,०००/-(पचास हजा) र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु. २,००,०००/-(दुई लाख) रुपैयाँ सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ग. दैवी प्रकोपमा परेका व्यक्ति वा परिवारलाई कुनै जिन्सी सामग्री उपलब्ध गराइएको रहेछ भने सो जिन्सी बराबरको रकम कट्टी गरेर मात्र आर्थिक सहायता उपलब्ध गराइने छ ।

घ यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाको निर्णयबाट थप आर्थिक सहायता रकम दिन सक्नेछ ।

ङ.. आर्थिक सहायता सम्बन्धी काम गर्न दैवी प्रकोप हेर्ने शाखाको कर्मचारीले स्वत: यसको समेत काम गर्नेछ ।

च. दलित,विपन्न गरिब असाहय वर्गका महिलाले २० बर्ष पुगि विवाह गरेमा बढीमा वडाको सिफारिस तथा न.पा.को सिफारिसमा रु.३०,०००/-(तिस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराईने ।

छ. दलित,विपन्न गरिब असाहय वर्गलाई नेपाल सरकार द्धारा संचालित स्वास्थ्य बीमा शुल्क वडाको बजेट तथा नगर स्तरिय बजेटबाट समेतलाई उपलब्ध गराउन सकिनेछ ।





ज. दलित, बिपन्न गरिब असाहय वर्गलाई वडा तथा नगरस्तरीय बजेटबाट वडा समिति तथा कार्यपालिकाको निर्णय बमोजिम पानीको न्युनतम शुल्क र बिजुलीको ५० (पचास) युनिट सम्म न.पा.बाट सम्बन्धीत कार्यालयलाई भुक्तानी दिने ।

१३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यस्था:

संस्थागत, सामुदायिक तथा अन्य निकायलाई कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत बजेटको अधीनमा रही निम्न बमोजिमको कार्यक्रम दिन सकिनेछ ।

क. बजेट विनियोजन नभएको तर सामाजिक कार्यको लागि बढीमारु. १०,०००/-(दश हजा) नगर स्तरिय तथा वडा स्तरिय विविध शिर्षकबाट सहयोग दिन सकिनेछ ।

१४. अधिकार प्रत्यायोजन गर्न सकिने:

यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको आफ्नो अधिकार वडा समिति र नगर कार्यपालिकाले नगर उप-प्रमुख र प्रमुखलाई दिन सक्नेछ । तर दफा १२ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन ।

१५. पटक-पटक आर्थिक सहायता दिन नपाइने:

यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एकै प्रकृतिको घटनामा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

## परिच्छेद - ३
## विविध

१६.पारदर्शिता र जवाफदेहिता:

बजेटबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजानिक गरिनेछ । साथै कार्यालयको वेवसाईडबाट समेत उल्लिखित व्यहोरा जानकारी गराइनेछ । सम्बन्धित सरोकारवालहरुबाट कुनै जिज्ञासा तथा जानकारी माँग भएमा नगरपालिकाबाट आवश्यक विवरण उपलब्ध गराईनेछ ।

१७. निवेदनदिनु पर्ने:

दफा ३ देखि दफा ९ सम्म उल्लिखित क्षेत्रमा आर्थिक सहायता पाउन अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

१८. संशोधन तथा परिमार्जन:

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गराउन सकिनेछ ।

१९. बचाउ तथा खारेजी:

१.यस कार्यविधिमा व्यवस्था भएका कार्यहरुका हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाँझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ । साथै मलंगवा नगर कार्यपालिकाबाट यस आ. व.२०८१/०८२ सम्ममा भएका आर्थिक सहयोग सम्बन्धी निर्णयहरु तथा भुक्तानी यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।